लुम्बिनी प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(कर्मचारी प्रशासन शाखा)

पत्र सङ्ख्या :- २०८१/०८२

चलानी नम्बर : क.प्र./

मिति : २०८२/०१/२४

विषय :- स्थानीय निजामती सेवा ऐन, २०८१ र नियमावली, २०८१ को व्यवस्थाहरु कार्यान्वयनका सम्बन्धमा भएको द्विविधाका विषयमा प्रष्ट पारिएको।

प्रस्तुत विषयमा यस प्रदेश अन्तर्गतका स्थानीय तहमा कार्यरत विभिन्न सेवा, समूह, उपसमूह र तहका कर्मचारीहरुको तह मिलान, तहवृद्धि, पदनाम समेतका विषयहरुमा स्थानीय तह एवं कर्मचारीहरुबाट समेत राय माग भएको छ। सो सम्बन्धमा यसरी राय/निर्देशन/परामर्श माग भएका विषयहरुलाई विश्लेषण गरी प्रचलित ऐन, नियमावली, प्रदेश निजामती सेवा ऐन तथा नियमावली, सङ्घीय निजामती सेवा ऐन तथा नियमावली, सङ्घीय स्वास्थ्य सेवा ऐन तथा नियमावली लगायतका कानुनी व्यवस्थाहरुको प्रतिकुल नहुने गरी तपसिलमा लेखिए बमोजिम मात्र तह मिलान, तहवृद्धिका कार्यहरु गर्नु गराउनु हुन यस कार्यालयको (मा. मुख्यन्त्रीस्तरको) मिति २०८२/०१/२४ को निर्णयानुसार जानकारी गराइएको छ।

तपशिल:-

| क्र.सं. | द्विविधा सम्बन्धमा लेखी आएको विषय | देहाय बमोजिम गर्नु, गराउनुहुन |
|---|---|---|
| १ | स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ को ९ मा तहवृद्धि प्रत्येक वर्ष साउन १ र माघ १ गतेदेखि लागू हुने गरी गर्ने उल्लेख भएकोमा हाल प्रकाशित सूचना बमोजिम कुन कर्मचारीको तहवृद्धि गर्न मिल्ने भन्ने सम्बन्धमा। | स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७ र दफा ३१ को उपदफा (९) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम तीन महिनाभित्र तहवृद्धि वा तहमिलान गर्नुपर्ने गरी ऐनमा उल्लिखित कर्मचारीको हकमा सम्बद्ध स्थानीय तहहरुबाट तहवृद्धि वा तहमिलानको काम कारबाही गर्ने र सो बाहेक तहवृद्धि हुने अन्य कर्मचारीको हकमा दफा ३१ बमोजिम साउन १ र माघ १ देखि लागू हुनेगरी तहवृद्धि सम्बन्धी कारबाही तत् समयमा गर्ने, गराउने। |
| २ | स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७ को उपदफा (२) र (५) बमोजिम तहमिलान भएका कर्मचारीको तहवृद्धि सम्बन्धमा। | दफा ७ को उपदफा (२) र (५) मा रहेको तहमिलान सम्बन्धी व्यवस्था अनुसार तहमिलानको कारबाही हाल सम्पन्न गर्ने र तहवृद्धिको सम्बन्धमा दफा ३१ को उपदफा (१) आकर्षित हुने देखिएकोले सोही बमोजिम गर्ने, गराउने। |
| ३ | लुम्बिनी प्रदेश बाहेकका अन्य प्रदेशका स्थानीय तहबाट यस प्रदेशको स्थानीय तहको रिक्त पदमा कामकाज गर्न खटाइएका कर्मचारीको हकमा तह मिलान/तह वृद्धि गर्न मिल्ने नमिल्ने | स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १३८ को उपदफा (१) बमोजिम पदस्थापन भएको कर्मचारीको हकमा तहवृद्धि/तहमिलान गर्ने, गराउने। |



२०८२/१/२४

| | | |
|---|---|---|
| | सम्बन्धमा। | |
| ४ | कर्मचारी समायोजन ऐन बमोजिम यस प्रदेशमा समायोजन भई पदस्थापना भएका सङ्घीय निजामती सेवाका कर्मचारीको ज्येष्ठताको गणना सम्बन्धमा। | दफा ७ को उपदफा (७) बमोजिम तहवृद्धि हुने कर्मचारीको हकमा सोही उपदफामा उल्लिखित व्यवस्था बमोजिम ज्येष्ठता गणना हुने गरी गर्ने, गराउने। |
| ५ | लुम्बिनी प्रदेशभित्रको एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा खटिएका स्थानीय सेवाका कर्मचारीको तह मिलान/तह वृद्धि पदाधिकार रहेको कार्यालय वा कामकाजमा खटिएको कार्यालय कुन बाट गर्ने भन्ने सम्बन्धमा। | (क) रिक्त दरबन्दीमा कामकाजमा खटिएका कर्मचारीको हकमा कामकाजमा खटिएको कार्यालयबाट गर्ने, गराउने।<br>(ख) कामकाजमा खटाएको कार्यालयमा रिक्त दरबन्दी नहुँदा नहुँदै कामकाजमा खटिएका कर्मचारीको हकमा दरबन्दी तथा पदाधिकार रहेको कार्यालयबाट गर्ने, गराउने। |
| ६ | लुम्बिनी प्रदेशभित्रका स्थानीय तहमा नियुक्ति भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कामकाज गर्न लुम्बिनी प्रदेशभन्दा बाहिरका स्थानीय तहमा खटाएको कर्मचारीको सम्बन्धमा। | कामकाज गर्न खटिएको सम्बन्धित स्थानीय तहबाट हुने। |
| ७ | स्थानीय निजामती सेवा ऐन, २०८१ प्रारम्भ हुनुअघि स्थानीय तह आफैले कानून बनाई गरेको तह वृद्धिका सम्बन्धमा। | प्रदेश लोक सेवा आयोगको परामर्श लिई स्थानीय कानून बमोजिम भएको तह वृद्धिको सम्बन्धमा सोही बमोजिम हुने हुँदा त्यसरी तह वृद्धि भएका कर्मचारीको हकमा ऐनको दफा ७ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम हाल तह वृद्धि नहुने र प्रदेश लोक सेवा आयोगको परामर्श नलिई स्थानीय तहले कानून बनाई गरेको तह वृद्धि सो आयोगको निर्णय बमोजिम बदर भएकोमा त्यस्ता कर्मचारीको हकमा तहवृद्धि गर्न सकिने। |
| ८ | स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७ को उपदफा (९) को प्रतिबन्धात्मक वाक्यांश सम्बन्धमा। | कर्मचारीको हाल कायम रहेको छैटौं तहको पद नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम सातौं तहमा स्तरवृद्धि वा तह वृद्धि वा बढुवा हुने पद हो होइन यकिन गरी स्तरवृद्धि वा तह वृद्धि वा बढुवा हुने पद भएमा स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिमको सातौं तहको पदनाम दिन सकिने। |



Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

(कर्मचारी प्रशासन शाखा)

पत्र सङ्ख्या :- २०८१/०८२

चलानी नम्बर : क.प्र./

| | | |
|---|---|---|
| ९ | दफा ७ बमोजिम तहवृद्धि हुने कर्मचारीको जेष्ठता गणना हुने विषयको सम्बन्धमा | तहवृद्धि हुने पदभन्दा एक तह मुनिको हाल कार्यरत तहको पदको जेष्ठताको गणना दफा ७ मा उल्लेख भए बमोजिम हुने। हाल तहवृद्धि हुने पदको जेष्ठताको गणना ऐनमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा मिति २०८१।१२।२८ (स्थानीय निजामती सेवा ऐन, २०८१ जारी भएको मितिले तीन महिना पुग्ने अन्तिमदिनलाई आधार मानी) देखि लागू हुने गरी समान रूपमा सबै स्थानीय तहमा एकरूपता कायम गरी गर्ने तहवृद्धिको निर्णय गर्ने, गराउने। |

२०८२।१।२४

(संजय ज्ञवाली)

बरिष्ठ शाखा अधिकृत

"समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश"

Website: ocmcm.lumbini.gov.np Email: kapra.ocmcm@lumbini.gov.np

Scanned with CamScanner